बर्दिबास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८　　संख्याः २　　मितिः २०८२/०३/२९

भाग-२

## बर्दिबास नगरपालिका

### बर्दिवास नगरपालिका

### सीपमुलक तालिम लिएका व्यक्तिहरुको समूह गठन तथा सञ्चालन कार्यविधि, २०८२

प्रस्तावनाः

बर्दिवास नगरपालिका भित्रका सीपमुलक तालिम लिएका व्यक्तिहरुलाई उद्यमशिलता सँग जोडी सामुहिक रुपमा संगठित भै काम गर्ने वातावरण तयार गर्न बर्दिवास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न ऐन, २०७४ को दफा ४ वमोजिम यो कार्यविधि जारी गरिएको छ ।

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिलाई बर्दिवास नगरपालिकाको "सीपमुलक तालिम लिएका व्यक्तिहरुको समूह गठन तथा सञ्चालन" सम्बन्धि कार्यविधि, २०८२ भनिनेछ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यपालिका" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

ख. "कार्यालय" भन्नाले बर्दिवास नगरपालिको कार्यालय सम्झनु पर्दछ ।

ग. "आर्थिक ऐन" भन्नाले बर्दिवास नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्दछ ।

घ. "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ ।

ङ. "समूह" भन्नाले सीपमुलक तालिम लिएका व्यक्तिहरुको समूह सम्झनु पर्दछ ।

३. उद्देश्य र कार्यक्षेत्र:

क. समूहको उद्देश्य र कार्यक्षेत्र समूहको विधानमा उललेख भए बमोजिम हुनेछ ।

ख. समूहको उद्देश्य र कार्यक्षेत्र थपघट गर्नु परेमा समूहको भेलाको निर्णयको आधारमा नगरपालिकाले स्वीकृति गर्नुपर्नेछ ।

४. समूह गठन हुनुपर्ने:

क. समूह गठन गर्दा समान प्रकृतिको सीपमुलक तालिम लिएका व्यक्तिहरु सदस्य रहने गरी गठन गर्नुपर्दछ।

ख. समूह १० देखी ३०, जना सम्मको हुनेछ।

५. सदस्यको लागि योग्यता: समूहको सदस्य हुनको लागी देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

क. नेपाली नागरीक्ताको प्रमाणपत्रको प्रतिलिपि,

ख. सीपमुलक तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,

ग. कानुनीरुपमा अयोग्य नरहेको स्वःघोषणा,

६. दर्ता प्रक्रिया:

क. समूह दर्ताको लागी सदस्यहरुको प्रारम्भिक भेलाको निर्णय,

ख. भेलाले प्रथम बैठकबाट समूह दर्ता गर्ने निर्णय गरेको हुनु पर्ने,

ग. तालिम लिएको प्रमाणपत्र,

घ. वडाको सिफारिस,

ङ. दर्ताको लागि निवेदन र दफा ५ बमोजिम कागजात,

च. आर्थिक ऐन अनुसारको दर्ता शुल्क,



CamScanner

छ. विधानको २ प्रति हुनु पर्ने ।

**७. प्रमाण पत्र प्रदान गर्ने:**

क. समूह दर्ता गर्नको लागि दफा ६ बमोजिमको प्रक्रिया पुरा गरी नगरपालिकामा निवेदन दर्ता भएपश्चात कार्यालयले आवश्यक जाँचबुझ गरी अनुसूची १ बमोजिमको समूह दर्ताको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

**८. नविकरण व्यवस्था:**

क. समूह प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ ,

ख. नविकरण हुनको लागि वर्षको कम्तिमा ६ पटक वैठक बसेको हुनुपर्नेछ ,

ग. लेखापरीक्षण प्रतिवेदन,

घ. PAN लिएको प्रतिलिपि,

ङ. निवेदन,

**९. विशेष व्यवस्था:**

क. यसरी दर्ता भएको समुहलाई उद्यमशिलता संग जोड्न नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्नसक्नेछ।

ख. समूहले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह लगायत अन्य व्यक्ति तथा संघ संस्थाहरुबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सक्नेछ ।

ग. नगरपालिकाले समुहको विस्तृत विवरण सहितको अभिलेख तयार गर्नुपर्नेछ ।

**१०. खारेजी:**

क. समूहले उद्देश्य विपरीत गलत कार्य गरेमा कार्यालयले छानबीन गरी खारेज गर्न सक्नेछ ।

ख. समूहको भेलाले निर्णय गरी खारेजीको माग गरेमा आवश्यक जाँचबूझ गरी खारेज गर्न सक्नेछ।

**११. व्याख्या तथा संशोधन:**

क. यस कार्यविधिको व्याख्या तथा संशोधन कार्यापालिकाले गर्ने छ ।



CamScanner

अनुसूची-१

बर्दिवास नगरपालिका

समूह दर्ता प्रमाण-पत्र

"सिपमूलक तालिम लिएका व्यक्तिहरुको समूह गठन तथा सञ्चालन कार्यविधि, २०८२" को दफा (७) बमोजिम ..............................विषयको तालिम लिएका व्यक्तिहरुको समूह गठन गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता नं. :

मिति :

ठेगाना :

| दर्ता नविकरण मिति | दर्ता/नवीकरण गर्ने अधिकारीको नाम | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत